# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।१२।२३ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दाहरुमा आयोगको निर्णय अनुसार मिति २०८०।१२।२३ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

## देहायः

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १. | **प्र.रुप नारायण श्रेष्ठ,सोहन गुपता, सुरेन्द्र प्रसाद भुज समेत** (वि.अ. को मुद्दस.नं. ०७६-CR-०२७५), वि.अ. को फैसला मिति २०८०।०४।२३) | **सरकारी अनुदान रकम हिनामिना गरी भ्रष्टाचार गरेको।** | **क)**.भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कपिलवस्तुका मत्स्य विकास अधिकृत सुरेन्द्र प्रसाद भुज, पशु चिकित्सक डा. रुप नारायण श्रेष्ठ र पशु विकास अधिकृत डा. सोहन गुप्ताको हकमाः<br>यी आरोपीहरुले सुरेन्द्र प्रसाद भुज, डा. रुप नारायण श्रेष्ठ र डा. सोहन गुप्ताले नव प्रगतिशिल बहुउद्धेश्यीय कृषक समूहबाट खोर निर्माण तथा बाख्रा खरिद कार्यको निरीक्षण गरि सो को यथार्थ प्रतिवेदन दिनुपर्ने कर्तब्यवाला राष्ट्रसेवक कर्मचारी भएकोमा सो बमोजिमको प्रतिवेदन नदिई समूहले बाख्रा खरिद नै नगरेको, खोर निर्माण पनि नगरेको अवस्थामा खोर निर्माण कार्य तथा बाख्रा समेत खरिद गरेकोले अनुदान रकम भुक्तानी दिन उपयुक्त देखिन्छ भनि गलत प्रतिवेदन दिएको पुष्टी भएको र सो प्रतिवेदनको आधारमा हुदै नभएको कामको लागि रु. ६,००,०००।– ( रु. छ लाख मात्र) भुक्तानी भइ नेपाल सरकारलाई हानि नोक्सानी पुर्याएकोले प्रतिवादीहरुले सो कार्य भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १९ को उपदफा (२) र दफा १७ बमोजिम को कसुर भएकोले निज आरोपितहरुलाई नेपाल सरकारको हानि नोक्सानी भएको रु. ६,००,०००।– बिगो कायम गरि निजहरुलाई भ्रष्टाचारा निवारण ऐन २०५९ को दफा १९ को उपदफा (२) र सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजाय गरि हानि नोक्सानी भएको बिगो रु ६,००,०००।– सोही ऐनको दफा १७ बमोजिम असूल उपर हुन मागदावि | **फैसलाः**<br>प्रतिवादी ईन्जनियर बिबेककुमार गुप्ताले बनाएको इस्टिमेट अनुसारको खोर निर्माण नभएको बाख्रा पालन कार्यक्रम अन्तर्गतको कृषि अनुदान रकम लिने खाने कार्यमा सह-प्रतिवादी दुर्गाप्रसाद खनाल समेतलाई सहयोग पुन्याई मतियारको भूमिका निर्वाह गरेको देखिन आएकाले निज प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिमको कसुर भै दुर्गाप्रसाद खनाल र उमेश चौधरीको मतियार भइ ऐ. दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिमको कसुर गरेको पुष्टि हुन आयो । यस्तै प्रतिवादीहरु सुरेन्द्र प्रसाद भुज, डा. रुप नारायण श्रेष्ठ र डा. सोहन गुप्ता तीनै जनाले उल्लेखित दफा १९(२) र दफा १७ दुवै कानूनी व्यवस्था बमोजिमको कसुर गरेको देखिन आयो । कृषि अनुदान रकम हानि नोक्सानी गर्ने कार्यमा निज प्रतिवादीहरुको प्रत्यक्ष संलग्नता रहे भएको देखिएको ।<br>तसर्थ, प्रतिवादीहरु डा. रुपनारायण श्रेष्ठ, डा. सोहन गुप्ता र सुरेन्द्रप्रसाद भुजले संयुक्त रुपमा स्थलगत अनुगमन प्रतिवेदन दिएका र उक्त स्थलगत प्रतिवेदन गलत देखिएबाट निज प्रतिवादीहरुले भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा १९(२) को कसुर गरेको अवस्था हुँदा कसुरको मात्रा अनुसार ३ महिना देखि १ वर्षसम्म कैद र रु.१०,०००।- देखि रु.५०,०००। रुपैयाँसम्म जरिवाना हुने कानूनी व्यवस्था रहेकोमा प्रतिवादीहरुको कसुरको अनुपातमा सजाय पनि समानुपातिक गर्नु पर्ने हुँदा प्रतिवादीहरुलाई न्यूनतम सजाय गरे पनि सजायको मकसद पुरा हुने देखिँदा उक्त दफा १९(२) को कसुरमा सबै प्रतिवादीहरुलाई न्यूनतम कैद र जरिवाना गर्न मनासिव हुने देखिन्छ । प्रतिवादीहरुको गलत स्थलगत अनुगमन प्रतिवेदन र सिफारिसका आधारमा बाख्रापालन कार्यक्रम अन्तर्गतको कृषि अनुदान नोक्सानी पाई ऐ.ऐनको दफा ८(४) को कसुर गरेको तथा प्रतिवादी विवेककुमार गुप्ताले सो कार्यमा मतियारको भूमिका निर्वाह गरी ऐ.दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिमको कसुर गरेकाले सोही ऐनको दफा ८(४) बमोजिम कैद सजाय नगरी विगो रु.५,७६,०००।– लाई दामासाहीले जनही रु.९६,०००जरिवाना हुने र नोक्सानीको विगो प्रतिवादीहरु दुर्गाप्रसाद खनाल, उमेश चौधरी र बिबेककुमार गुप्ताबाट दामासाहीले जनही रु.१,९२,००।– असुल उपर हुने र प्रतिवादीहरु उपरको अन्य आरोपदावी पुग्न सक्ने नदेखिएको।<br><br>**विशेष अदालतले प्रतिबादीहरूलाई आंशिक कसुरदार ठहर्याई भएको फैसलामा लिएका मुल बुदा तथा लिएका आधारहरु :**<br>अ) पशु कार्यालयका प्राबिधिकहरुका प्रतिवेदनका आधारमा प्रतिवादी दुर्गाप्रसाद खनाललाई काम नगरी रु.५,७६,०००। भुक्तानी गरेबाट | सम्मानित विशेष अदालत काठमाडौंबाट मिति २०८०/०४/२३ मा प्रतिबादीहरू सबैलाई अभियोग दाबी बमोजिमको कसुरदार ठहर्याएको तथापी सजाय कायम गर्दा प्रतिवादीहरु डा. रुपनारायण श्रेष्ठ, डा. सोहन गुप्ता र सुरेन्द्रप्रसाद भुजको हकमा भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम सजाय नतोकि भएको सो फैसला निम्न प्रमाण, आधार र कारणहरुबाट सो हदसम्म त्रुटीपूर्ण एवं वदरयोग्य रहेकोः<br><br>क) प्रस्तुत् मुद्दामा प्रतिवादीहरु दुर्गा प्रसाद खनाल,उमेश चौधरी र ई. बिबेक कुमार गुप्ताको हकमा अभियोग मागदाबी बमोजिमको कसुर ठहर गरी सजाय समेत गरेको अवस्था हुँदा नीज प्रतिवादीहरुका हकमा कुनै पुनराबेदन जिकिर नलिईएको।<br><br>ख) प्रस्तुत मुद्दाको मिसिल संलग्न प्रमाण कागजहरूबाट प्रतिवादीहरु डा. रुपनारायण श्रेष्ठ, डा. सोहन गुप्ता र सुरेन्द्रप्रसाद भुजले बदनियत् सहित गलत/झुठा ब्यहोराको स्थलगत प्रतिवेदन पेश गरेको आधारमा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कपिलवस्तुले नव प्रगतिशील कृषक समूहका अध्यक्ष दुर्गाप्रसाद खनालका नाउँमा कर कट्टी गरी रु.५,७६,०००। भुक्तानी गर्नुपर्ने स्थिति आएकोले नेपाल सरकारको रकम हिनामिना हानि नोक्सानी गर्ने कार्यमा यी प्रतिवादीहरुको प्रत्यक्ष संलग्नता रहेको पुष्टि भएको। निज प्रतिवादीहरुले नेपाल सरकारको प्रतिनिधित्व गर्दै निजहरुले नव प्रगतिशील बहुउद्धेश्यीय कृषक समूहबाट खोर निर्माण तथा बाख्रा खरिद कार्यको निरीक्षण तथा जाँचबुझ गरी सोको यथार्थ प्रतिवेदन दिनुपर्ने कर्तव्यवाला रहेकोमा पनि ती राष्ट्रसेवक कर्मचारीहरुले उक्त समूहले बाख्रा खरिद नै नगरेको, खोर निर्माण पनि नगरेको अवस्थामा खोर निर्माण कार्य तथा बाख्रा समेत खरिद गरेको उल्लेख गरी सरकारी अनुदान रकम भुक्तानी दिन उपयुक्त देखिन्छ भनी गलत प्रतिवेदन दिई सो प्रतिवेदनको आधारमा रु. ६,००,०००।– भुक्तानी हुन गएको प्रष्ट देखिन्छ। उल्लेखित तथ्यलाई स्वयं विशेष अदालत काठमाण्डौबाट पनि स्वीकार गरेको। सो भुक्तानीव्दारा नै नेपाल सरकारलाई हानि नोक्सानी पु-याएकोले प्रतिवादीहरु सुरेन्द्रप्रसाद भुज, डा. रुपनारायण श्रेष्ठ र डा. सोहन गुप्ताको सो कार्य भ्रष्ट्राचार निवारण ऐन २०५९, को दफा १९ को उपदफा (२) र दफा १७ बमोजिमको कसुर भएकोले निज प्रतिवादीहरु उपर सरकारको हानि नोक्सानी भएको रु. ६०००००।- (छ लाख रुपैयाँ) बिगो कायम गरि निजहरुलाई भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) र सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजाय गरी हानि नोक्सानी भएको बिगो रु ६,००,०००।– सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुनुपर्नेमा विशेष अदालत काठमाण्डौबाट निज प्रतिवादीहरु डा. रुप नारायण श्रेष्ठ, डा. सोहन गुप्ता र सुरेन्द्र प्रसाद भुजलाई ऐ ऐनको दफा १९(२) बमोजिमको कसुरमा ऐ दफा १९(२) बमोजिम कसुरको मात्रा अनुसार न्यूनतम कैद र जरिवाना गर्न मनासिव हुने भनी सजाय कायम गरेको र भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा सजाय नतोकेको अबस्था बिद्यामान रहेको। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | लिईएको ।<br>ख. नव प्रगतिशिल बहुउद्धेश्यीय कृषक समूहका अध्यक्ष दुर्गा प्रसाद खनाल र सोही समूहका सचिब उमेश चौधरीको हकमाः समूहको बैठकको गलत निर्णय तयार गरी खोर निर्माण गरि बाखा समेत पालन गरेको भनि झुठ्ठा विवरण र बिल भर्पाईहरू बनाई सरकारी अनुदान रकम हिनामिना गरी आफूलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई हानी नोक्सानी पुर्याउने कार्य निज दुर्गा प्रसाद खनाल र उमेश चौधरीले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूर भए गरेको तथा निर्विवाद रुपमा पुष्टी भएकोले हानी नोक्सानी गरेको गरी बिगो रु. ६,००,०००।- कायम गरी यि दुवै आरोपीहरु दुर्गा प्रसाद खनाल र उमेश चौधरीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजायँ गरि बिगो असूल उपर हुन मागदावि लिईएको ।<br><br>ग. हरि ओम ईन्जिनियरिङ कन्सल्टेन्सिका ई. बिबेक कुमार गुप्ताको हकमाः<br>ई. विवेक कुमार गुप्ताले सरकारी अनुदान रकम लिनखान सघाउ पुर्याइ निजले आरोपित दुर्गा प्रसाद खनाल र उमेश चौधरीलाई सघाई मतियारको भूमिका निर्वाह गरेकोले निजलाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (४) को कसूरको मतियार हुने कसूर गरेकोले सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्याँश बमोजिम भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (४) बमोजिम संजाय हुन मागदावि लिईएको। | नेपाल सरकारको रकम हिनामिना हानि नोक्सानी भइ प्रतिवादी दुर्गाप्रसाद खनाल तथा प्रतिवादी उमेश चौधरीलाई व्यक्तिगत लाभ पुग्न गएको देखिन गएको अवस्था छ । बाखा खोर निर्माण तथा बाखा खरिद नै नगरी बाखा खरिद र खोर निर्माण भएको भनी सरकारी रकम लिइ नेपाल सरकारलाई गैर कानूनी हानि नोक्सानी पुर्याएको देखिन आएबाट नव प्रगतिशील कृषक समूहलाई बाखा पालन वापत दिइएको कृषि अनुदान रकम रु.६,००,००० । हिनामिना गरी हानि नोक्सानी भएको पुष्टि हुन आएको,<br><br>आ) आरोपितहरु सुरेन्द्रप्रसाद भुज, डा. रुपनारायण श्रेष्ठ र डा. सोहन जनाले मिति २०७६।०३।२० मा संयुक्त रुपमा स्थलगत अनुगमन दिएको कुरामा मौकामा र अदालतमा सावित नै रहेको।<br><br>इ) दुई पटक छुट्टाछुट्टै निरीक्षण टोली स्थलगत अनुगमन निरीक्षण गर्न जाँदा खोर निर्माण पनि नगरेका र बाखा पालन पनि नभएको, पुरानो खोरहरु देखिएको भनी उल्लेख गरेबाट नव प्रगतिशील कृषक समूहले खोर निर्माण पनि नगरेको तथा बाखा पालन समेत नगरेको भन्ने तथ्यको पुष्टि हुन आएको।<br><br>ई) स्थलगत प्रतिवेदनका आधारमा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कपिलवस्तुले नव प्रगतिशील कृषक समूहका अध्यक्ष दुर्गाप्रसाद खनालका नाउँमा कर कट्टी गरी रु.५,७६,०००। भुक्तानी ए) गरेबाट नेपाल सरकारको रकम हिनामिना हानि नोक्सानी गर्ने कार्यमा यी प्रतिवादीहरु डा. रुपनारायण श्रेष्ठ, डा. सोहन गुप्ता र सुरेन्द्रप्रसाद भुजको प्रत्यक्ष संलग्नता रहे भएको देखिई तीनै जना प्रतिवादीहरु डा. रुपनारायण श्रेष्ठ, डा. सोहन गुप्ता र सुरेन्द्रप्रसाद भुजले उल्लेखित दफा १९(२) र दफा १७ दुवै कानूनी व्यवस्था बमोजिमको कसुर गरेको देखिन आयो। कृषि अनुदान रकम हानि नोक्सानी गर्ने कार्यमा निज प्रतिवादीहरुको प्रत्यक्ष संलग्नता रहे भएको देखिएको।<br><br>ऐ) अनुदानको रकम भुक्तानीका लागि पेश भएका कागजातहरु नक्कली हुन् भनी कसुर स्वीकार गरेको र उक्त रकम प्रतिवादीहरु दुर्गाप्रसाद खनाल र उमेश चौधरीको संयुक्त खाताबाट कृषक समूहको खातामा जम्मा भएको हुँदा प्रतिवादीहरु दुर्गाप्रसाद खनाल र उमेश चौधरी भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कपिलवस्तुसँग गरेको संझौता उल्लङ्घन गरी सरकारी रकम रु.५,७६,०००।- हिनामिना गरी नेपाल सरकारलाई हानि नोक्सानी पुर्‍याएको देखिँदा निज प्रतिवादीहरुले भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिमको कसुर गरेको पुष्टि हुन आएको ।<br><br>ओ) प्रतिवादी ई. बिबेककुमार गुप्ताले नक्कली बिल,कागजात तयारगरी दिई सरकारी रकम हिनामिना हानि नोक्सानी गर्ने कार्यमा निज प्रतिवादी ई. बिबेककुमार गुप्तासमेतको संलग्नता तथा मिलेमतो रहे भएको देखिन आई निज प्रतिवादीले भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा ८(४) | ग) प्रस्तुत मुद्दामा तयार भएको पूर्णपाठको प्रकरण नं ५९ मा स्वयं विशेष अदालतले "प्रतिवादीहरु डा. रुपनारायण श्रेष्ठ, डा. सोहन गुप्ता र सुरेन्द्रप्रसाद भुज तीनै जनाले उल्लेखित भ्रष्ट्राचार निवारण ऐन,२०५९ को दफा १९(२) र दफा १७ दुवै कानूनी व्यवस्था बमोजिमको कसुर गरेको देखिन आएको। कृषि अनुदान रकम हानि नोक्सानी गर्ने कार्यमा निज प्रतिवादीहरुको प्रत्यक्ष संलग्नता रहे भएको देखिन आएको।" भनी धोषणा गरेको स्थितिमा पनि ऐ ऐनको दफा १९(२) को कसुरमा मात्र सजाय गरी अन्य अभियोग मागदाबी (अर्थात ऐ ऐनको दफा १७ ) पुग्न सक्दैन भनी सम्मानित अदालत आफैले ऐ ऐनको दफा १७ समेत बमोजिमको कसुर ठहर गरेकोमा पनि सो कसुर गरे उपर सजाय भने नगरेको फैसला आफैमा विरोधाभाषपूर्ण एवं कानून र बिधी सम्मत नदेखिएको। तसर्थ उक्त भ्रष्ट्राचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिम अभियोग पत्रमा लिएको दाबी अनुसार नीज तीनै जना प्रतिवादीहरू डा. रुपनारायण श्रेष्ठ, डा. सोहन गुप्ता र सुरेन्द्रप्रसाद भुजलाई भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम उक्त दफा १७ ले निर्देश गरे वमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को र दफा ३ को उपदफा (१) को खण्ड (ङ) वमोजिम कैद र जरिवाना गरी हानी नोक्सानी भएको विगो रु. ६०००००/- (छ लाख) समेत ऐ. ऐनको दफा १७ वमोजिम प्रतिवादीहरु डा. रुपनारायण श्रेष्ठ, डा. सोहन गुप्ता र सुरेन्द्र प्रसाद भुजबाट असुल उपर हुने समेत ठहर गरी पाउन पुनरावेदन जिकिर लिई यो पुनरावेदन पत्र दायर गरिएको ।<br>अत : सम्मानित विशेष अदालतले प्रतिवादीहरु डा. रुपनारायण श्रेष्ठ, डा. सोहन गुप्ता र सुरेन्द्रप्रसाद भुजलाई भ्रष्ट्राचार निवारण ऐन,२०५९ को दफा १७ समेत बमोजिम कसुरदार ठहर्याई सकेको स्थितिमा सजाय भने नतीकी भएको फैसला सो हदसम्म बदर गरि प्रतिवादीहरु डा. रुपनारायण श्रेष्ठ, डा. सोहन गुप्ता र सुरेन्द्र प्रसाद भुजलाई अभियोग मागदाबी अनुसार नै भ्रष्ट्राचार निवारण ऐन,२०५९ को दफा १७ ले ब्यबस्था गरे बमोजिमको सजाय समेत गरी पाउन पुनराबेदन जिकिर लिईएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | बमोजिमको कसुरको दुर्गाप्रसाद खनाल र उमेश चौधरीको मतियार भइ ऐ. दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिमको कसुर गरेको पुष्टि हुन आएको । | |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | प्रतिवादीहरु विनोदप्रसाद कानू, दुर्ग बहादुर खडका, लाल बहादुर वली र मान बहादुर वलीको मु.नं (०७६-CR-००१३) फैसला मिति २०८०।०४।२५ | सार्वजनिक सम्पत्ति हिनामिना गरी भ्रष्टाचार गरेको। | यस दफा बमोजिम कसुर हुनका लागि सर्वप्रथम नेपाल सरकारको सम्पत्ति हिनामिना गरेको स्थापित हुनुपर्ने। वादीले इजाजतपत्रबाट नेपाल सरकारलाई आउन सक्ने राजश्व दावी गरेको र दावी वास्तविक सम्पत्तिको हानि नोक्सानीमा नभई आउन सक्ने अनुमानित (ANTICIPATORY) सम्पत्तिको हानि नोक्सानीका लागि रहेको देखिएको। अनुमानित सम्पत्तिको हानि नोक्सानी ठोस सबूत प्रमाणले पुष्टि हुन नसकी सो हदसम्मको वादी दावी पुग्न सक्ने नदेखिएको।<br>मिसिल संलग्न छानविन प्रतिवेदन, छानविन र प्रतिवेदन दिने वलिराम पण्डित तथा विद्यानाथ झाले अदालत समक्ष गरेको बकपत्र समेतवाट जडिबुटी निकासी इजाजतपत्रहरु आधिकारिक नरहेको देखिएको प्रतिवादी विनोदप्रसाद कानुले इजाजतपत्रमा रहेको हस्ताक्षर आफ्नो रहेको तथ्य स्वीकार अदालतसमक्ष गरेको बयान तथा सह-प्रतिवादीहरुले गरेको पोल बयान समेतवाट प्रतिवादी विनोदप्रसाद कानुले ओहदाको दुरुपयोग गरी नेपाल सरकारलाई हानी र आफूलाई गैरकानूनी लाभ पुऱ्याउने बदनियतले अनधिकृत निकासी इजाजतपत्र तयार गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुर गरेको देखिँदा प्रतिवादी विनोदप्रसाद कानूलाई सोही दफा बमोजिम ५ महिना कैद र रु.२०,०००।- (बिस हजार रुपैंया) जरिवाना हुने। नक्कली इजाजतपत्र दुर्गादिप इन्टरप्राइजेज दिपक जडिबुटी सप्लायर्स एण्ड ट्रेडर्स र नेपाल हर्वल प्रोसेसिसिङका नाममा जारी भएको अवस्था रहेको समेत देखिँदा दुर्गा दिप इन्टरप्राइजेजका प्रोपाइटर दुर्गाबहादुर खड्का र दिपक जडिबुटी सप्लायर्स एण्ड ट्रेडर्सका प्रोपाइटर मानबहादुर वलीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ को कसुरमा सोही दफा २२ बमोजिमको मतियारको कसुर गरेको देखिंदा मुख्य प्रतिवादीलाई हुने सजायको आधा जनही २ महिना १५ दिन कैद र रु.१०,०००।- दस हजार रुपैंया) जरिवाना हुने। प्रतिवादी लालबहादुर वली उपरको आरोपदावी वस्तुनिष्ठ प्रमाणले पुष्टी हुन नसकी निज | फैसलाः<br>प्रतिवादीहरुलाई आरोप मागदावी भन्दा कम कसुर ठहर गरी भएको फैसला भएको।<br>विशेष अदालतले कसुरदारबाट कम कसुर कायम गरी लिएका आधारहरुः<br>•वादीले इजापत्रबाट नेपाल सरकारलाई आउन सक्ने राजश्व दावी गरेको देखिन्छ। दावी वास्तविक सम्पत्तिको हानि नोक्सानीमा नभई आउन सक्ने अनुमानित (Anticipatory) सम्पत्तिको हानि नोक्सानीका लागि रहेको। अनुमानित सम्पत्ति हानी नोक्सानी ठोस सवुतबाट पुष्टि हुन नसकेको।<br>•प्रतिवादीहरु दुर्गबहादुर खड्का र मानबहादुर वलीले आरोपित कसुरमा इत्कार रही वयान गरे तापनि नक्कली कागजात पत्र दुर्गा दीप इन्टर प्राइजेजका नाममा र दिपक जडिबुटी सप्लार्यसका नाउँमा जारी भएको यी प्रतिवादीहरु सो को प्रोपाइटर रही अनुचित लाभ लिएको देखियो। सरकारी कागजात इजाजतपत्र बनाउने कार्यमा यी प्रतिवादीहरुको प्रत्यक्ष संलग्नता रहेको नदेखिए तापनि सो कार्यमा प्रतिवादी विनोदप्रसाद साह कानूनलाई सहयोग गरी सोबाट फाइदा लिएको देखिएकाले भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ९ को मतियार रहेको देखिएको।<br>•प्रतिवादी लाल बहादुर वलीको हर्वल प्रोसेसिङ प्लान्टसँग संलग्नता नदेखिएकाले र यी प्रतिवादीको अन्य प्रमाणले पुष्टि हुन नसकेकोले सफाइ पाउने देखिएको। | •प्रतिवादी विनोदप्रसाद कानू र दुर्गबहादुर खड्का र मानबहादुर र लालबहादुर आपसमा मिली विनोदप्रसाद कानूनले नक्कली इजाजतपत्र तयार गरी त्यसबाट विभिन्न किसिमका जडिबुटीलाई अवैध ओसार पसार गरेको पुष्टि भएको छ। नक्कली इजाजत पूर्जीमा सहायक वन अधिकृत विनोदप्रसाद कानूले हस्ताक्षर गरेको र उक्त इजाजतपत्रबाट दुर्गबहादुर खड्का र मानबहादुरले लाभ लिएका छन् भनी फैसला स्वयले स्वीकार गरेको। प्रतिवादी विनोदप्रसाद कानूले हस्ताक्षर गरेका जडिबुटी छोडपूर्जी निकासी अनुमति पत्र रुकुमबाट बाँकेको कोहलपुर हुदै निकासी भएको भन्ने तथ्य च.नं. ४१२ मिति २०७१/८/१९ को पत्र, दुर्गा दिप इन्टरप्राइजेज र प्रो. दुर्गबहादुर खड्काको नाममा जारी भएको च.नं. ४०७ टिमुर ५००० के.जी. ना.२ख १५९१ नं. को गाडीबाट मिति २०७१/८/२१ मा सेक्टर वन कार्यालय बाँके कोहलपुर पुगेको तथ्यबाट रुकुमबाट निकासी भई अन्यत्र गएको अवस्था देखिएको। पत्रमा उक्त टिमुर निजी जग्गाबाट खरीद संकलन गरिएको भनी सरकारी वन पैदावरको नभई निजी जग्गामा आवादी गरी निस्काशन गरिएको भन्ने देखाइएको। यसरी आफुले खेती नै नगरेको जडिबुटीलाई निजी जग्गामा आवादी गरेको भनी झुट्टा कागजको आधारमा बाँकेको कोहलपुर सम्म पुगेको भन्ने तथ्य कोहलपुर सेक्टर वन कार्यालयले वास्तविक सरकारी कागजको आधारमानी पत्रको पीठमा छाप लगाई पुष्टि गरेको देखिन्छ। त्यसमा ५००० कि.ग्रा. टिमुर रहेको भन्ने प्रमाणित भएको छ। यस्तो प्रमाणित परिमाणको आधारमा उक्त टिमुरको प्रति के.जी.को नेपाल राजपत्रको खण्ड ५८ संख्या १३ भाग ५ मिति २०६५/०३/३२ को पत्र अनुसार टिमुरको राजश्व दर रु. ८ पर्ने र टिमुर ५३,२८० कि.ग्रा. विभिन्न मितिमा गरी निकाशी भएको र त्यसको मूल्य रु. ४,२५,९२०/- र तेज पातको ९,६५५ निकासी भएको तेजपात प्रतिकिलो २ को दरले १९,३१०/-, दालचिनी परिमाण ३,००० के.जी. निकासी भएको त्यसको राजश्व प्रतिकेजी ३ का दर रु. २१,०००/- काउलो बोक्रा ४,७०० के.जी. निकासी भएको त्यसको प्रति के.जी. रु. १०/- दरले ४७,०००/- टिमुर कुल ३३,५०० ग्राम प्रति के.जी. ३ को दरले १,००,५००/- गुर्जा २०० कि.ग्रा. निकासा भएको त्यसको प्रति के.जी. रु. ५ को १,०००/- गरी जम्मा ६,१४,७३०/- बराबरको राजश्व हिनामिना भएको देखिएकोमा अवस्थामा उक्त जडिबुटीको अस्तित्व नै |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रतिवादीले आरोपित कसुरवाट सफाई पाउने। प्रतिवादीहरु उपरको अन्य आरोपदावी पुग्न नसक्ने। | | थिएन भनी अनुमानित मूल्य मानी सफाइ दिएको फैसला त्रुटीपूर्ण रहेको।<br>•प्रतिवादी दुर्गबहादुर खड्का र मानबहादुर वलीले अनुचित लाभ लिएको भनी मतियार मात्रै ठहर गरेको फैसला विरोधाभाष पूर्ण रहेको। एकतर्फ दुर्गबहादुर खड्का र मानबहादुर वली लाभ लिएका छन् भनी मातियार ठहर गर्ने, अर्को तर्फ यी प्रतिवादीहरुले यी यी वस्तु निकासी गरेका छन्। त्यसको विगो यति हुन्छ भनी प्रष्ट रुपमा लिईएको दावी नपुग्ने भनी गरेको फैसला त्रुटीपूर्ण रहेको।<br>•प्रतिवादी मध्येका लालबहादुर वलीले सफाई दिने गरी भएको फैसला समेत त्रुटीपूर्ण रहेको। प्रतिवादी लाल बहादुरले अनुसन्धानको वयानको सवाल जवाफ नं. ५ मा विनोदप्रसाद कानूलाई साथी भाइ मार्फत रुकमका तत्कालिन सहायक वन अधिकृत सँग सामान्य चिनजान भएको भनी स्वीकार गरेको। प्रतिवादीले जिल्ला वन कार्यालय रुकुमका सहायक वन अधिकृत विनोदप्रसाद कानूले हस्ताक्षर गरेका इजाजतपत्र मेरो फर्मका नाममा जारी भएको हो भनी उल्लेख गरेको। प्रतिवादीले वयानमा मेरा मानिसले निजी आवादीबाट उत्पादित जडीबुटी भएकोले जडीबुटीको राजश्व नतिरेको भनी वयान गरेको, दरपीठ भएका कागजातमा विनोदप्रसाद कानू मार्फत प्राप्त गरेको छ भनी वयान गरेको। यी प्रतिवादीले मुख्य प्रतिवादी अनुधित सम्बन्ध राखी नक्कली इजाजतपत्रबाट जडिबुटी निकासी गरी राजश्व छलेको देखिदा देखिदै आरोप दावीबाट पूर्ण सफाइ दिएको फैसला त्रुटीपूर्ण रहेको। कुनै कीर्ते कागजातबाट लाभ पाउने लाभग्राहीले आफैले कीर्ते कागजात संलग्न भए पनि त्यसबाट प्राप्त लाभ लिन्छ भने कसुरदार ठहर्ने गरी सर्वोच्च अदालतबाट सिंहदान्त समेत प्रतिपादन भएको अवस्थामा प्रतिवादी सफाइ दिने गरी भएको फैसला त्रुटीपूर्ण रहेको। |
| ३. | प्रतिवादीहरु रामबाबु कडेल, रामलाल कडेल र विनोद थापामगरको मु.नं (०७६-CR-००१३) फैसला मिति | सार्वजनिक सम्पत्ति हिनामिना गरी भ्रष्टाचार गरेको। | प्रतिवादीहरूले अनुसन्धान अधिकृत तथा अदालतसमक्ष आरोपित कसूरमा इन्कार रही बयान गरेको, प्रतिवादीहरूका साक्षीहरू अदालतसमक्ष उपस्थित भइ प्रतिवादीहरू निर्दोष रहेको भनी आधारसहित बकपत्र गरेको, प्रतिवादीहरूले विद्यालय व्यवस्थापन समितिको बैंठकको निर्णय मुताविक स्कूलको कोष खर्च गरी संझौताको पूर्ण पालना गरी भवन निर्माणको कार्य सम्पन्न गरेको, भवन निर्माणको विभिन्न चरणमा निर्माण सामाग्री खरिद, सोको ढुवानी निर्माण कार्यको खर्च, मजदुरको ज्याला समेतका विषयमा विद्यालय व्यवस्थापन समितिले खुल्ला रुपमा बैठक बसी निर्णय गराइ पारदर्शी रुपमा कोषको रकम खर्च गरेर पनि भवन अधुरो अपूर्ण हुनबाट अपुरो अपूर्ण हुनबाट बचाइ प्राप्त हुने रकमको उच्चतम | फैसलाः<br>प्रतिवादीहरुलाई सफाई।<br>विशेष अदालतले कसुरबाट सफाइ दिदा लिएका आधारहरुः<br>•विजक नं. ११४ जम्मा रकम रु. २७,००१।३५ दुई पटक पेश गरेको भन्ने सम्बन्धमा एकिन गरी आरोपदावी नलिएको दोहोरो खर्च भुक्तानी एकिन नभएको।<br>•२०७२ सालको दर भाउमा इस्टीमेट तयार भएको २०७६ सालमा निर्माण सम्पन्न भएकाले निर्माण सामाग्रीको लागत बढ्नु स्वभाविकै भएको। | •प्रतिवादीले विजक नं. ११४ मा रकम रु. २७,००१।६५ दुई पटक पेश गरेको सम्बन्धमा अनुसन्धानको वयानमा त्यस वारेमा प्रश्न गरी एकिन जवाफ लिई आरोप दावी नलिइएकाले दोहोरो भुक्तानी दावी पुग्न नसक्ने भनी लिएको आधार त्रुटीपूर्ण रहेको। प्रतिवादीहरुले जिम्मेवारी पूर्वक काम नगरेकै कारण नै राम्रोसँग विल भरपाई परीक्षण गरेको कारण लागत बढ्न जाने देखिएको, भए गरेका प्रत्येक आइटममा के के कति रकम बढ्न गएको हो देखाउनु पर्नेमा देखाउन नसकेको। यसरी विद्यालय निर्माणको कार्यमा खर्च बढ्नुको कारण विद्यालयको रकम भुक्तानी दिने प्रधानाध्यापक लगायतले विल भरपाई समेत स्पष्ट राख्न नसकेको दोहोरो विलमा भुक्तानि भई रहेको देखिरहेको अवस्थामा एउटै वीलबाट भुक्तानी नभएको भए, लागत भन्दा बढी कसरी खर्च भई भुक्तानी हुन पुगेको हो प्रतिवादीले उक्त विलको बारेमा स्पष्ट जवाफ दिन |

| | | | | | |
|---|---|---|---|---|---|
| | २०८०।०४।२२ | | सदुपयोग गरेको, २०७२ सालको निर्माण सामाग्रीको मूल्य कामदारको ज्याला ढुवानी भाडाको इस्टिमेट भन्दा बढी निर्माण २०७५/०७६ मा बढी खर्च लाग्नुलाई अस्वभाविक मान्न नमिल्ने हुँदा र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरू समेतका आधारमा प्रतिवादीहरूले वदनियतपूर्वक आफू वा कसैलाई फाइदा र सरकारलाई हानि नोक्सानी पुऱ्याएको भन्ने पुष्टि भएको नदेखिँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ लगायतका प्रावधान प्रतिवादीहरू उपर आकर्षित हुने अवस्था नदेखिएको अभियोजन पक्षले शंकारहित तवरले आरोपदावी पुष्टि गर्न सकेको अवस्था नदेखिँदा प्रतिवादीहरू दोषी रहेछन् भन्ने देखिन नआएको । | •विद्यालय व्यवस्थापन सबै पदाधिकारीको सामुहिक निर्णयबाट भवनको जाँच निरीक्षण भई स्कुलको कोष विद्यालय निर्माण नपुग रकम खर्च गर्ने निर्णय भए अनुरुप कार्य भएको विद्यालय व्यवस्थापनका सबै जनालाई मुद्दा नलगाई हस्ताक्षर गर्ने केही व्यक्तिलाई मात्रै लगाएको यसरी कोषको रकम हिनामिना गरेको र निर्णयमा बस्ने अन्य व्यक्तिहरुको कुनै संलग्नता नरहेको भन्ने पनि देखिदैन। यस अवस्थामा ३ जनालाई विना आधार कारण छनौट गरी मुद्धा लगाइएको वोध गम्य आधार नदेखिएको।<br>•विद्यालय भवन गुणस्तर हिन र अपुरो विद्यालयमा निर्माण भएको भन्ने आधार नदेखिएको। | नसकेको अवस्थामा प्रतिवादीलाई सफाइ दिएको फैसला त्रुटीपूर्ण रहेको।<br>•२०७२ सालको दर भाउ पत्र अनुसार इस्टीमेट तयार भएको २०७६ सालमा निर्माण सम्पन्न भएकाले लगत बढनु स्वभाविकै भएको भनी सफाई दिएको फैसला आत्मपरक देखिन्छ। सार्वजनिक निर्माण कार्य सञ्चालन गर्दा कुनै पनि निकायले आफू खुसी गर्न पाउने कानूनी व्यवस्था छैन। यदि लागत बढ्न जाने हो भने पूर्व मूल्याङ्कन अनुसार कुन कुन खर्च शीर्षकमा बढ्न जाने हो भने त्यसको प्राविधिक पक्षको मूल्याङ्कन गरिनु पर्ने शुरु लागत भन्दा बढी काम भएको अवस्था बढी काम भएको अवस्था देखिन्छ भने Variation गर्न सकिने। यस सन्दर्भमा रु. ३,२२,०६१।५६ तीन लाख बाइस हजार एकसठ्ठी रुपैया सन्ताउन्न पैसाको काम बढी इस्टीमेट तयार गर्दाको अवस्थाको भन्दा थप काम गरिएको। काम भएको भनी जिल्ला आयोजना कार्यान्वयन इकाईबाट थप खर्च मूल्याङ्कन भएकै छ। विद्यालय व्यवस्थापनले २०७२ सालमा भएको लागत अनुसारको कार्य सम्पन्न हुन नसक्ने हो भने त्यसको मुल्याङ्कन गरी उचित कारण प्राविधिक पुष्ट्याई समेत गर्नु पर्ने हुन्छ। निर्माण कार्यमा तोकिएको गुणस्तर अनुसारको कार्य भएको छ भने पनि त्यस भन्दा घटी लागतमा नै पनि निर्माण हुन अवस्था हुने। यदि तोकिएको समयमा निर्माण कार्य सम्पन्न हुन नसक्ने भएमा उचित कारण देखाई म्याद थप गर्न सकिने र म्याद थप गर्दा प्रचलित मूल्य वृद्धि वमोजिम मूल्य समायोजन गरी लागत वृद्धि सहित म्याद थप गर्ने सकिने व्यवस्था हुँदा हुदै सो नगरी केवल विद्यालयको संचित कोषको रकम खर्च गर्ने उद्देश्यले विद्यालय कोषको रकम हिनामिना गरेको फैसला त्रुटीपूर्ण रहेको।<br>•विद्यालय व्यवस्थापनका सबै पदाधिकारबाट भवनको नापजाँच भई नपुग रकम विद्यालयको कोषबाट भएको निर्माणमा तीन जना व्यक्तिलाई प्रतिवादी वनाएको र खाइमासी सकेको भन्ने अवस्था नदेखिएको र निर्माण प्रकृयामा संलग्न सबैलाई अभियोग नलगाई तीन जना व्यक्तिलाई मात्र लगाएको कारणबाट आरोपदावी लिएका प्रतिवादीको हकमा समेत सफाइ पाउने गरी भएको फैसला त्रुटीपूर्ण रहेको। बैठक सहभागी मध्येका यी तीन जनाले विद्यालयको निर्माणमा दैनिक रुपमा अनुगमन गर्ने लेखा राख्ने समेतको जिम्मेवारी भएकोले तीन जनालाई मात्र आरोप दावी लिईएको हो। विद्यालय भवन निर्माण कार्यको शुरुवात २०७५ साल भन्दा नै अगाडि शुरु गरिएको र त्यस समयमा विभिन्न निर्माण सामाग्री खरीद गरिएको तथ्य निर्माण सामाग्री खरीद गरिएको विल भरपाईमा उल्लेखित मितिबाट देखिएको। यदि शुरुमानै निर्माण सामाग्रीको लागत मूल्य वृद्धि भएको भए शुरुमानै विद्यालय व्यवस्थापन समिति विद्यालयसँग सरोकार |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | वालासँग वृहत छलफल गरी शुरुवात गर्नु पर्नेमा आफू खुशी खर्च गरी सकेपछि अन्त्यमा अर्थात मिति २०७६/२/२८ मा मात्र विद्यालय व्यवस्थापनसँग आफूले पहिल्यै नै खरीद गरि सकेको खर्चलाई अनुमोदन गराउने गरी निर्णय गराएको।<br>• विद्यालयको भवन गुणस्तर हिन र अपुरो विद्यालय निर्माण भएको भन्ने आधार नदेखिएको भन्ने निर्णयाधार आफैमा विरोधाभाष पूर्ण रहेको आरोपको मूख्य दावी नै विद्यालयको कोषको रकमको प्रयोग नगरी जिल्ला आयोजना कार्यान्वयन इकाई (शिक्षा)को सहयोगमा रु. १,०७,२३,०१०।७० मा सम्पन्न गर्ने सम्झौता भएकोमा त्यसमा भेरियसन मुल्याङ्कन बाट रु. ३,३३,०६१।५७ वास्तविक खर्च भएकोले पूर्व लागतमा उक्त तीन लाख बत्तीस हजार एकासी रुपैया थप गर्दा समेत विलालय कोषबाट रु. १२,८४,१२२।७३ रकम बढी खर्च भएको त्यसको प्राविधिक पुष्टयाई समेतको कागज नभएको कारणबाट मुद्धा दायर भएको। गुणस्तरको प्रश्न उठाई अभियोजन नै नगरिएको अवस्थामा गुणस्तर ठीक छ भनी सफाई दिएको फैसला आरोप दावी सँग सान्दर्भिक नदेखिएको। |